नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मनाङ

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको स्वतः प्रकाशन

२०८३ बैशाख ०१ देखी २०८३ असार मसान्त सम्मको

(Proactive Disclosure)

नेपाल सरकार
जिल्ला प्रशासन कार्यालय, मनाङ
सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण

सूचना अधिकारी
कृष्णप्रसाद पौडेल
स.प्र.जि.अ
सम्पर्क नं. ९८५६०७५१०५

२०८३।०४।२२
मुक्ति प्रसाद खनाल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मनाङ

प्रमुख जिल्ला अधिकारीको भनाई:

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको विषयमा सूचना माग्ने र पाउने हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ । राज्यका काम कारबाही लोकतान्त्रिक पद्दति अनुरुप खुल्ला र पारदर्शी बनाई नागरिकको पहुँचलाई सरल र सहज बनाउन सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार सबै सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित सूचनाहरु अद्यावधिक गरी राख्नुपर्ने र प्रत्येक ३/३ महिनामा सार्वजनिक गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ । सोही अनुसार जिल्ला प्रशासन कार्यालय, मनाङबाट २०८३ बैशाख ०१ गते देखि २०८३ असार मसान्तसम्म सम्पादन भएका कार्यहरुलाई अद्यावधिक गरी यो यस आ.व. को चौथो **स्वतः प्रकाशन** (Proactive Disclosure) प्रकाशन गरिएको छ । यसबाट जिल्ला प्रशासन कार्यालयले उक्त अवधिमा सम्पादन गरेका क्रियाकलापहरुको सूचनाका बारेमा आम नागरिक तथा सरोकारवालाहरुको सहज पहुँच अभिवृद्दि हुनेछ ।

राज्यबाट प्रास हुने सबै सेवा सुबिधाहरु सबै जनतालाई सरल र सहज रुपमा पारदर्शी ढंगबाट उपलब्ध गराउने तथा उपलब्ध सेवाहरुका बारेमा आम सरोकारवाला व्यक्ति तथा निकायलाई सु-सूचित गर्न यस कार्यालयका अतिरिक्त मनाङ जिल्ला स्थित सबै सार्वजनिक निकायहरुबाट सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार **स्वतः प्रकाशन** लाई नियमित गर्ने कार्यमा सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरी नागरिकको सूचनाको हक स्थापित गर्नका लागि जिल्ला प्रशासन कार्यालय, मनाङको अग्रसरता र प्रतिबद्धता रहेको छ ।

२०८३।०३।३२

मुक्ति प्रसाद खनाल
प्रमुख जिल्ला अधिकारी
मनाङ ।

मिति २०८३/०३/३२

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मनाङ

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम प्रस्तुत गरिएको जिल्ला प्रशासन कार्यालय, मनाङसँग सम्बन्धित सार्वजनिक विवरण (२०८३ बैशाख १ देखि २०८३ असार मसान्तसम्म)

१. जिल्ला प्रशासन कार्यालय, मनाङको स्वरुप र प्रकृति :

जिल्लामा शान्ति, सुरक्षा र सुब्यबस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो । यस कार्यालयका काम, कर्तब्य र अधिकारहरुलाई मूलतः स्थानीय प्रशासन ऐन, २०२८ ले ब्यबस्था गरेको छ। जिल्लामा बिकास निर्माण कार्यहरुको लागि उपयुक्त वातावरण निर्माण गर्न समन्वय र सहजीकरण, विपद् व्यवस्थापन, आपूर्ति व्यवस्थापन, सेवा प्रवाहको अनुगमन, प्रचलित कानूनमा तोकिएका विषयहरुमा न्याय निरुपण, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण जस्ता कार्यहरु सम्प्रादन गरी जिल्लामा सुशासनको प्रत्याभूतिका लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको हुन्छ।

जिल्ला प्रशासन कार्यालय, मनाङले यस जिल्लालाई शान्त, सुरक्षित र समुन्नत बनाउने दुरदृष्टि (vision) का साथ विधिको शासन अवलम्वन गरी शान्ति सुरक्षाको अवस्थालाई सुदृढ बनाउँदै प्रभावकारी सेवा प्रवाहको माध्यमद्वारा सुशासनको प्रत्याभूति गर्ने लक्ष्यहरु (goals) लिएर काम गरिरहेको छ। यी लक्ष्यहरु प्राप्तिका लागि यस कार्यालयले सुरक्षा निकायहरुको समन्वयात्मक परिचालनद्वारा जिल्लामा शान्ति सुरक्षाको स्थितिलाई सुदृढ बनाउने, जिल्लामा विधिको शासन सुनिश्चित गर्ने, विपद्‌को एकीकृत र समन्वयात्मक व्यवस्थापन गर्ने, आपूर्ति व्यवस्थापनलाई चुस्त बनाउने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने, मानव अधिकारको संरक्षण गर्ने र पारदर्शिता एवं जवाफदेहिता सुनिश्चित गर्ने उद्देश्यहरु (objectives) लाई आत्मसात गरेको छ ।

२. जिल्ला प्रशासन कार्यालय, मनाङको काम, कर्तव्य र अधिकार :

क) जिल्लामा शान्ति, सुरक्षा र सुब्यबस्था कायम गर्ने ।

ख) जिल्लामा संचालित विकास कार्यहरुमा सहयोग र समन्वय गर्ने ।

ग) जिल्लामा रहेका नेपाल सरकारका सम्पत्तिहरुको संरक्षण गर्ने ।

घ) जिल्लामा आइपर्ने विपद्‌हरुको ब्यबस्थापन गर्ने ।

ङ) जिल्लामा वस्तुहरुको आपूर्तिलाई ब्यबस्थित गर्ने ।

च) जिल्लास्थित सार्वजनिक निकायहरुको कार्य सम्पादनमा समन्वय गर्ने ।

२०८३।०१।२१
मुक्ति प्रसाद खनाल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मनाङ

छ) प्रचलित कानूनद्वारा तोकिएका विषयहरुमा न्याय निरुपण गर्ने ।

ज) नागरिकताको प्रमाणपत्र वितरण गर्ने ।

झ) हातहतियारको इजाजत प्रदान तथा नवीकरण गर्ने ।

ञ) राहदानी सम्वन्धी कार्य गर्ने ।

ट) संस्था दर्ता तथा नवीकरण गर्ने ।

ठ) तिव्वति शरणार्थीहरुको इजाजत सम्बन्धि कार्य गर्ने ।

ड) प्रचलित कानून र नेपाल सरकारको निर्देशन बमोजिम अन्य विविध कार्यहरु गर्ने ।

३. जिल्ला प्रशासन कार्यालय, मनाङमा रहने कर्मचारी संख्या र कार्यविवरण :

सि.नं.	पद	दरवन्दीसंख्या	पदपुर्ति	रिक्त
१	प्रमुख जिल्ला अधिकारी	१	१	०
२	सहायक प्रमुख जिल्ला अधिकारी	१	१	०
३	नायव सुव्वा	४	३	१ (लोकसेवा आयोगमा माग भएको)
४	लेखापाल	१	०	१
५	कम्प्युटर अपरेटर (स्थायी)	१	१	०
६	खरिदार	४	३	१
८	हलुका सवारी चालक	१	१	०
९	कार्यालय सहयोगी	५	४	१
	जम्मा	१८	१४	४

मुक्ति प्रसाद खनाल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मनाङ

४. जिल्ला प्रशासन कार्यालय, मनाङवाट प्रदान गरिने सेवा :

क) स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्वन्धी सेवाः

- नाम थर वा उमेर आदि प्रमाणित।
- नावालकको उमेर प्रमाणित।
- पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्वन्धी सिफारिस।
- दलित, मधेसी, आदिवासी जनजाति प्रमाणित।
- पत्रपत्रिका दर्ता
- पारिवारिक विवरण प्रमाणित।

ख) राहदानी सम्वन्धी सेवाः

- विद्युतिय राहदानीमा विवरण प्रवृष्टी।
- प्रास विद्युतिय राहदानी वितरण।

ग) नागरिकता सम्वन्धी सेवाः

- वंशजको आधारमा नागरिकताको प्रमाण पत्र वितरण।
- वैवाहिक अंगीकृत नागरिकताको प्रमाण पत्र वितरण।
- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वितरण।
- नाम थर जन्म मिति संशोधन।
- गैह्र आवासिय नागरिकता प्रमाणपत्र वितरण।

घ) मुद्दा तथा ठाडो उजुरी सम्वन्धी सेवाः

- गुनासो वा ठाडो उजुरी।

ङ) हातहतियार इजाजत तथा नवीकरण सम्वन्धी सेवाः

- हातहतियार इजाजत, नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण।

च) संस्था दर्ता तथा नवीकरण सम्वन्धी सेवाः

- संस्था दर्ता।
- संस्था नवीकरण।
- संस्थाको विधान संशोधन।
- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति।

छ) आपूर्ति व्यवस्था अनुगमन सम्वन्धी सेवाः

- सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नका लागि वजार अनुगमन

२०८०।०३।३२

मुक्ति प्रसाद खनाल
प्रमुख जिल्ला अधिकारी

ज) विपद् व्यवस्थापन सम्वन्धी सेवा:

- जिल्ला विपद् व्यवस्थापन समितिको वैठक व्यवस्थापन।
- विपद् सम्वन्धी कार्ययोजना निर्माण।
- विपद् न्यूनीकरणका लागि तयारी।
- विपद् भएको क्षति विवरण संकलन।
- विपद् पीडित भएकाहरुलाई क्षतिपूर्ति एवं राहत वितरण तथा पुन:स्थापना।

झ) अख्तियार दुरुपयोग अनुसन्धान सम्वन्धी सेवा:

- अख्तियार दुरुपयोग सम्वन्धी उजुरी एवं निवेदनहरु उपर छानवीन ।

ञ) नागरिकका राष्ट्रिय परिचयपत्र वैयक्तिक तथा वायोमेट्रिक विवरण दर्ता।

५. जिल्ला प्रशासन कार्यालय, मनाङमा रहेका शाखा र जिम्मेवार अधिकारी :

सि.नं.	शाखाको नाम	जिम्मेवार अधिकारी	कैफियत
१	स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा	सन्तोष कुमार बढही	ना.सु.
२	राहदानी शाखा	शालिकराम पोखेल	खरिदार
३	नागरिकता शाखा	तारानाथ आचार्य लक्ष्मी रोकाय प्रेम बहादुर घर्ती	ना.सु क.अ. खरिदार
४	मुद्दा शाखा	राजेश के.सी	ना.सु.
५	लेखा शाखा	बासुराम परियार	स.लेखापाल
६	राष्ट्रिय परिचयपत्र	टिका जङ्ग गुरुङ ज्योति गुरुङ	द.अ. स.द.अ.

२०८१।०२।२२
मुक्ति प्रसाद खनाल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मनाङ

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

सि.नं.	प्रदान गरिने सेवा	लाग्ने दस्तुर रु	लाग्ने अवधि	कै
१	वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण	१०।- को टिकट	प्रक्रिया पुगेकै दिन	
२	नागरिकताको प्रतिलिपि वितरण	१३।- को टिकट	प्रक्रिया पुगेकै दिन	
३	वैवाहिक अंगिकृत नागरिकताको प्रमाण पत्र वितरण	१०।- को टिकट	प्रक्रिया पुगेकै दिन	
४	विद्युतिय राहदानी	५०००।- नयाँ राहदानी हराएको, डढेको, च्यातिएको, पानीले भिजेको अवस्थामा उल्लेखित राजस्वमा थप रू ५०००।- लाग्नेछ	प्रक्रिया पुगेकै दिन	
५	द्रुत सेवा अभिलेख प्रमाणित	रु. १० को टिकट	प्रक्रिया पुगेकै दिन	
६	राहदानी वितरण		तुरुन्त	
७	गुनासो वा ठाडो उजुरी	रु. १० को टिकट	यथाशीघ्र	
८	नाम थर उमेर आदि प्रमाणित	रु. १० को टिकट	प्रक्रिया पुगेकै दिन	
९	नावालकको उमेर प्रमाणित	रु. १० को टिकट	प्रक्रिया पुगेकै दिन	
१०	पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्वन्धी सिफारिस	रु. १० को टिकट	प्रक्रिया पुगेकै दिन	
११	संस्था दर्ता	१०००।-	प्रक्रिया पुगेकै दिन	
१२	संस्था नवीकरण	रू ५००।- असोज मसान्तसम्म रू ६००।- पुस मसान्तसम्म रू ७५०।- असार मसान्तसम्म	प्रक्रिया पुगेकै दिन	
१३	संस्थाको विधान संशोधन	रु.१० को टिकट	प्रक्रिया पुगेकै दिन	

२०८।४।३।३२

मुक्ति प्रसाद खनाल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मनाङ

१४	जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति	रु. १० को टिकट	प्रक्रिया पुगेकै दिन	
१५	दलित, मधेशी, आदिवासि सिफारिस	१०।- को टिकट	प्रक्रिया पुगेकै दिन	
१६	पत्रपत्रिका दर्ता	दैनिक १०००। सासाहिक ५००।- पाक्षिक ३००।-	प्रक्रिया पुगेकै दिन	
१७	छापाखाना दर्ता	१०००।-	प्रक्रिया पुगेकै दिन	
१८	हातहतियार नामसारी	२५००।-	प्रक्रिया पुगेकै दिन	
१९	हा.ह. जिल्ला भित्रको नवीकरण	२५००।-	प्रक्रिया पुगेकै दिन	
२०	हा.ह. नेपाल भरिको नवीकरण	रु.३०००।-	प्रक्रिया पुगेकै दिन	
२१	नाम थर जन्म मिति संशोधन	१०। को टिकट	प्रक्रिया पुगेकै दिन	
२२	नाता प्रमाणित	रु.१० को टिकट	प्रक्रिया पुगेकै दिन	
२३	क्षतिपूर्ति एवं राहत वितरण		प्रक्रिया पुगेकै दिन	
२४	सार्वजनिक अपराध सम्वन्धी मुद्दा	रु. १० को टिकट	कानून बमोजिम	
२५	अख्तियार दुरुपयोग सम्वन्धी मुद्दा	रु. १० को टिकट	यथाशीघ्र	
२६	अन्य मुद्दा	रु. १० को टिकट	यथाशिघ्र	

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

क) निर्णय गर्ने प्रक्रियाः सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ एवं सूचनाको हक सम्वन्धी ऐन, २०६४ लगायत प्रचलित कानून बमोजिम।

ख) निर्णय गर्ने अधिकारी :

- प्रमुख जिल्ला अधिकारी ।
- सहायक प्रमुख जिल्ला अधिकारी श्री कृष्णप्रसाद पौडेल : प्रमुख जिल्ला अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिम ।

२०८१।०७।२२

मुक्ति प्रसाद खनाल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मनाङ

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी : प्रमुख जिल्ला अधिकारी श्री मुक्ति प्रसाद खनाल ।

९. सम्पादन गरेको कामको विवरण : आ.व ०८२/०८३ को असार मसान्तसम्म

सि.नं.	सम्पादन गरेको काम	कामको परिमाण	कैफियत
१	नागरिकता वितरण (प्रतिलिपि वाहेक)	९०	
२	नागरिकताको प्रतिलिपि वितरण	१४१	
३	गैरआवशिय नागरिकता	१	
४	घुम्ती शिविरबाट नागरिकता वितरण	०	
५	विद्युतिय राहदानी इनरोलमेन्ट	१२१	
६	विद्युतिय राहदानी वितरण	१२५	
७	गुनासो वा ठाडो उजुरी	०	
८	नावालक परिचय पत्र	१०	
९	संस्था दर्ता	२	
१०	संस्था नवीकरण	६	
११	संस्थाको विधान संशोधन	०	
१२	मुद्दा	४	फछ्यौंट भैसकेको
१३	राष्ट्रिय परिचयपत्र इनरोल्मेन्ट	६०८	
१४	राष्ट्रिय परिचयपत्र वितरण	८१९	विवरण विग्रिएर सच्याउन पठाइएका समेत
१५	हातहतियार ईजाजत पत्र नविकरण	४२	

१०. प्रमुखको र सूचना अधिकारीको नाम र पद :

क) कार्यालय प्रमुख :

- नामः मुक्ति प्रसाद खनाल
- पदः प्रमुख जिल्ला अधिकारी

ख) सूचना अधिकारी :

- नामः कृष्णप्रसाद पौडेल
- पदः स.प्र.जि.अ.

२०८२।४।२२
मुक्ति प्रसाद खनाल
प्रमुख जिल्ला अधिकारी

गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मनाङ

११. आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्वन्धी अद्यावधिक विवरण : २०८३ असार मसान्तसम्म

सि.नं.	बजेट शिर्षक	बजेट निकासा	बजेट खर्च	प्रगति (प्रतिशत)	कैफियत
१.	चालु	रु १४३८८०००.००	१२०१९७२४.१३	८३.५३	
२.	पुंजीगत	रु. ७०२६०००.००	रु.४९५९११७.०	७०.५८	
	विगत ६ आ.व. देखी बेरुजु अवस्था शुन्य रहेको ।				

१२. संकलित राजस्वको विवरण

यस आ.व २०८२/८३ को असार मसान्तसम्मको जम्मा संकलित राजस्व- रु. ८६४०००।००

१३. सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरण : माग नभएको ।

१४. तोकीए बमोजिम अन्य विवरण- जिल्ला स्थित अन्य कार्यालयलाई कानून बमोजिम गर्ने भनी नतोकिएका नेपाल सरकारका अन्य कार्यहरु यस कार्यालयबाट सम्पादन गर्ने।

१५. यस अवधिमा कुनै प्रकारको सूचना परियोजना, बैदेशीक सहायता, ऋण वा अनुदान प्राप्त भए नभएको : नभएको।

१६. यस अवधिमा कुनै प्रकारको कार्यक्रम स्वीकृत भए /नभएकोः नभएको।

१७. कानूनले गोप्य राख्नुपर्ने बाहेकका सूचनाहरु नागरिक र विभिन्न निकायहरूले माग गरेको बखत प्रदान गर्ने गरिएको।

१८. सार्वजनिक निकायको वेभसाइट भए सो को विवरणः-

वेभसाइटः- www.daomanang.moha.gov.np

इमेलः- manangcdo2017@gmail.com

daomanang2025@gmail.com

फेसबुकः- जिल्ला प्रशासन कार्यालय मनाङ

फोन न.- ०६६-४४०१३३,

मोबाईल नं. :- ९८५६०३७७७७

:- ९८५६०७५१०५

२०८३।०३।३१

मुक्ति प्रसाद खनाल
प्रमुख जिल्ला अधिकारी